# राष्ट्रिय मानव अधिकार आयोग
# National Human Rights Commission of Nepal
## केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-नोट

१२ साउन, २०७९

### आयोगमा दर्ता भएका उजुरीहरूको सङ्ख्या, निर्णय तथा पछिल्लो अवस्था

राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकालदेखि नै मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाका उजुरीहरू दर्ता, अनुगमन, अनुसन्धान र निर्णय गरी नेपाल सरकारलाई सिफारिसहरू गर्दै आइरहेको छ । आयोगले केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूमा रहेका उजुरीहरू, उजुरीउपर भएका निर्णय तथा सिफारिसहरूको तथ्याङ्कहरू प्रत्येक वर्ष अद्यावधिक गर्दै आइरहेको छ । यसै सन्दर्भमा आयोगमा हालसम्म रहेका उजुरीहरूको सङ्ख्या, उजुरीउपर आ.व. २०७८/०८९ मा आयोगबाट भएका निर्णय, फछ्र्यौट लगायतको तथ्याङ्क आयोगले अद्यावधिक गरेको छ ।

आयोगमा आ.व. २०७८/२०७९ बाट जिम्मेवारी सरेर आएका निर्णय हुन बाँकी कूल उजुरी सङ्ख्या ४ हजार २ सय १४ रहेका छन् । जसमध्ये अनुसन्धान सम्पन्न भई निर्णयका लागि केन्द्रीय कार्यालयको अनुसन्धान महाशाखामा जम्मा १ हजार ५ सय ५४ र आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूमा अनुसन्धानरत जम्मा २ हजार ६ सय ६० उजुरीहरू रहेका छन् । आ.व. २०७८/०७९ मा आयोगले कूल ३ सय ५१ उजुरीहरू फछ्र्यौट गरेकोमा नेपाल सरकारलाई नीतिगत ६ र उजुरीगत ८५ गरी कुल ९१ सिफारिस गरेको छ । फछ्र्यौट गरिएका उजुरीहरूमा ९ उजुरी खारेजी गरेको छ भने २ सय ५१ उजुरी तामेली गरेको छ । त्यस्तै गरी ६१ उजुरीहरूमा विभिन्न आदेश गरी पुनः पेश गर्ने निर्णय गरेको छ । पुनः पेशसमेत गरी आ.व. २०७८/०७९ मा आयोगले कूल ४ सय १२ उजुरीहरू उपर निर्णय गरेको छ । सिफारिस गरिएका उजुरीहरूमध्ये सबैभन्दा धेरै ४२ सिफारिस आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित रहेको छ । तर यस वर्ष आयोगले गरेका सिफारिसहरूमा नेपाल सरकारबाट आशातित रुपमा कार्यान्वयन हुन सकेको देखिँदैन । सिफारिस कार्यान्वयनका लागि आयोगले नेपाल सरकार, व्यवस्थापिका संसदको मानव अधिकार समिति तथा अन्य सरोकारवालासँग निरन्तर छलफल गरेको छ ।

यसका साथै, कोभिड-१९ को महामारी, स्थानीय तह निर्वाचन, महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिको अधिकार, कारागार र हिरासतमा मृत्यु, जातीय विभेद, सीमान्तकृत समुदायको अधिकार लगायतका विषयमा आयोगले अनुगमन गरेको छ । आयोगले आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणार्थ मलेशियाको राष्ट्रिय मानव अधिकार आयोगसँग सम्झौतापत्रमा हस्ताक्षर गरेको छ । विश्वव्यापी आवधिक समीक्षा (युपीआर) सम्बन्धमा संयुक्त राष्ट्र संघको मानव अधिकार समितिमा पेश गर्ने प्रतिवेदनमा विभिन्न तहमा छलफल गरेको छ । आयोगले मानव अधिकार रक्षकहरूको प्रदेशस्तरीय तथा राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । भारतमा काम गर्ने आप्रवासी श्रमिकहरू, मानव अधिकारमुखी पद्धति, महिला हिंसा, आदिवासी जनजाति लगायतका विषयमा समेत आयोगले यस वर्ष अध्ययन/अनुसन्धान गरेको छ ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org